# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# कूरिनटार, चितवन

(प्रथमपटक प्रकाशित मिति: २०७६।०७।३०)

## आ.व.२०७६/०७७ को आन्तरिक आयको ठेक्का सम्वन्धी सिलवन्दी दरभाउ-पत्र आव्हानको **सूचना**

स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम आ.व.२०७६/०७७ को लागी इच्छाकामना गाउपालिका कार्यालयले तोकेको दरको आधारमा बार्षिक न्युनतम रकमबाट बढाबढ हूने गरी इच्छाकामना गाउँपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका शिर्षकहरुमा ठेक्का वन्दोवस्त गर्नूपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता तथा आर्थिक बर्ष २०७५/०७६ को कर चूक्ताको प्रमाणित प्रतिलिपीहरु पेश गरी रितपूर्वकको शिलवन्दी दरभाउ पत्र आव्हान गरिन्छ ।

**विज्ञापन कर:**

| ठेक्का नम्वर | विवरण | न्युनतम अंङ्क | दरभाउ पत्र फारम दस्तूर | धरौटी रकम | दरभाउ पत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| १४/०७५/०७६ | विज्ञापनकर, इच्छाकामना गाउपालिका, । | १०,००,०००।०० भ्याट र आयकर बाहेक (दश लाख रुपैया मात्र ।) | १०००।०० | कवोल अंकको ५% (पाँच प्रतिशत) | १५ दिन भित्र |

<u>पूनश्च:</u>

| **विज्ञापन कर** | |
|---|---|
| होडिङ्ग बोर्ड प्रति स्क्वायर फुट | ५२/- |
| ग्लो बोर्ड प्रति स्क्वायर फुट | ४२/- |
| साईन बोर्ड प्रति स्क्वायर फुट | ४२/- |
| पोल बोर्ड प्रति स्क्वायर फुट | ६२/- |
| भित्ते लेखन, तुल व्यानर तथा विज्ञापनजस्ता सामग्री प्रतिगोटा | २२/- |
| मेला, स्वागत गेट, बाटो देखाउने बोर्ड र ईलेक्ट्रीक व्यानर | १०२/- |

**<u>दरभाउ पत्र सम्बन्धी शर्तहरु:</u>**

१. दरभाउ पत्र फारम सुचना प्रकाशित भएको मितिले १५औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तूर तिरी यस कार्यालयको आर्थिक प्रशासन शाखा कूरिनटार, चितवनबाट खरिद गर्न सकिनेछ । यस कार्यालयबाट खरिद भएका दरभाउ-पत्र २०७६/०८/१५ गते १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हून आएका दरभाउ-पत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउ-पत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । दरभाउ-पत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि दरभाउ-पत्र खोल्न वाधा पर्ने छैन ।

२. यस कार्यालयबाट प्रमाणित भएको सिलबन्दी दरभाउपत्र फारम स्वयं वा रितपूर्वकको वारेस निवेदन पठाई तोकिएको दस्तूर वूझाई खरिद गर्नूपर्नेछ ।

३. सिलबन्दी दरभाउ पत्र खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र व्यक्तिगत स्थायी लेखा नम्वर(मू.अ.कर सहितको) प्रमाण पत्र तथा आर्थिक वर्ष २०७५/०७६ को कर चूक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नूपर्नेछ ।

४. सिलबन्दी दरभाउ पत्र फारम भरी पेश गर्दा आफूले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कवोल अंकको ५% (पाँच प्रतिशत) ले हून आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आई एम ई बैक कूरिनटार चितवन स्थित धरौटी खाता ८४०१०१००००२१ मा रकम जम्मा गरेको सक्कल भौचर वा मान्यता

प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिनसम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ । कबोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. यसपूर्व यस कार्यालयबाट कुनैपनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको दरभाउ पत्रलाई मान्यता दिईने छैन, तर दरभाउ पत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा दरभाउ पत्र पेश गर्न कुनै वाधा पर्नेछैन ।

६. दरभाउ पत्र स्वीकृत भएपछि दरभाउ पत्रदाताले कबोल रकम एकमुष्ठ सम्झौताका बखत कार्यालयको राजश्व खाता च.हि.नं. c ४०१०१०००००२१ मा जम्मा गरेको सक्कलै बैंक भौचर बुझाउनु पर्नेछ ।

७. नेपाल सरकारको सम्पुर्ण लगानीमा हुने जनचेतना अभिबृद्धिमूलक सुचना प्रचार प्रसारका सामग्रीहरुमा र स्थानीय स्तरको हस्तकला तथा कृषि उत्पादनको विज्ञापन गर्ने प्रयोजनका लागी यस कार्यालयले छूट दिएमा विज्ञापन कर अशूल गर्न पाइने छैन ।

८. नेपाल सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेका (मादक पदार्थ, सूर्तिजन्य) जस्ता बस्तूहरुको विज्ञापन गर्न पाइने छैन ।

९. ठेक्का सम्झौता गर्दा माथि प्रकरण नं. ६ मा उल्लेखित कवूल अंकको मू.अ.कर(VAT) १३% र अग्रिम आयकर वापतको १.५% रकम जोडी कूल सम्झौता रकम कायम गरिनेछ ।

१०. नेपाल सरकार, अदालत तथा अन्य सम्वन्धित निकायबाट विज्ञापन कर उठाउने सम्वन्धमा कूनै निति निर्देशन जारी भएको खण्डमा सोही वमोजिम हूनेछ ।

११. कूनै शर्त राखी पेश गरेको, हूलाक मार्फत पठाएको र रित नपूगेको दरभाउ पत्र माथी कूनै कारवाही गरिने छैन ।

१२. पेश भएका दरभाउ पत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहनेछ

१३. दरभाउ पत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र दरभाउ पत्रदाताको नाम ठेगाना स्पष्ट लेख्नूपर्नेछ ।

१४. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०५६-४१०१११ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ । दरभाउ पत्र खरिद र दर्ता गर्ने दिन विदा परेमा सो पछि कार्यालय खूलेको दिन सोही समयमा सो कार्य हूनेछ ।